# श्री काठमाडौं जिल्ला अदालत

## बबरमहल काठमाण्डौ

### जिन्सि शाखा

फोननं४४२२३९३२

मितीः-२०७६/०२/२७

चारपाङ्ग्रे सवारिसाधनको लिलामको सुचना

सुचना प्रकाशन मिती २०७६/०२/२८

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशिको रूपमा प्राप्त हुन आई जिन्सिमा आम्दानि बाँधिएका चारपाङ्ग्रे सवारिसाधन थान-७ को न्युमतम् मुल्य रू.९७,७७,२२५/- कायम गरि जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिम शिलबन्दि बोलपत्रद्वारा लिलाम बिक्रि गर्ने प्रयोजनार्थ मिती २०७६/०१/१६ गतेको लिलामको लागि मिती २०७५/१२/३० गते सुचना प्रकाशित गरिएकोमा कोहि कसैको तर्फबाट शिलबन्दि बोलपत्र फारम दर्ता हुन आएको नदेखिंदा पुनः ऐ.ऐ. नियम ९२(१०) बमोजिम मिती २०७६/०१/३० गतेको सिलबन्दि बोलपत्र फारम लिने अन्तिम मिती तोकि मिती २०७६/०१/२४ मा सुचना प्रकाशित गरिएकोमा उक्त दिनमा समेत कसैको पनि दर्खास्त फारम प्राप्त हुन नआई वार्ताद्वारा सिधै बिक्रि गर्ने प्रयोजनार्थ अनुमतिको लागि पेश गर्दा "मुल्यांकन समितिबाट भएको न्युनतम् मुल्यमा वार्ताद्वारा सिधै बिक्रि गर्ने गरी मिती २०७६/०१/१३ गते भएको निर्णय" बमोजिम जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(११) बमोजिम वार्ताद्वारा सिधै बिक्रि गर्न मिती २०७६/०२/१७ गतेको मिती तय गरि सुचना प्रकाशित गरिएकोमा उक्त दिनमा समेत कोहि कसैको निवेदन प्राप्त हुन नआई पुनः अनुमतिको लागि पेश हुँदा " **मुल्यांकन समितिबाट तोकिएको न्युनतम् मुल्यमा नघटने गरि उक्त सवारिसाधनहरू मध्ये सवैभन्दा बढिसंख्यामा सवारिसाधन लिने निवेदनसाथ सहभागि निवेदकलाई वार्ता प्रकृया बमोजिम उक्त सवारिसाधन वार्ताद्वारा सिधै बिक्रि गर्ने** " गरि मिती २०७६/०२/२० गते निर्णय भएकोले सोहि बमोजिम ईच्छुक व्यक्ति,संस्था वा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही वार्ताद्वारा लिलाम बिक्रि गर्ने व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.वार्ताद्वारा बिक्रि गरिने मिती समय र स्थानः-२०७६/०२/३१ गते दिउसो १.०० बजे देखि ३.०० बजेसम्म यस अदालतको जिन्सि शाखा।

२. वार्तामा सहभागि हुने व्यक्ति,संस्था वा फर्मले मिती २०७६/०२/३१ गते १२.०० बजेसम्म व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको आधिकारिक व्यक्तिबाट निवेदन दस्तुर रू.१००/- तिरी वार्तामा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

३. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिती २०७६/०२/३१ गते १ बजेदेखि ३ बजेसम्म सम्पन्न हुने वार्तामा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति,संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागि गराईने छैन ।उक्त दिन कुनै बिदा पर्न गएमा सो पछि अफिस खुल्ने पहिलो दिन सोहि मिती समयमा वार्ताद्वारा उपरोक्त सवारिसाधनहरू बिक्रि गरिनेछ ।

४. वार्तामा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा एकजना व्यक्ति , संस्था वा फर्म मात्र उपस्थित भए वार्ताद्वारा मुल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति, संस्था वा फर्म उपस्थित भएमा उपस्थित व्यक्ति,संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने पक्ष बिच वार्ता प्रकृयामा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थालाई उक्त सम्पुर्ण थान-७ सवारिसाधनमध्ये सवैभन्दा बढिसंख्यामा लिन मन्जुर गर्ने पक्षलाई वार्ताद्वारा बिक्रि गरिनेछ ।सो प्रकृया एकमुष्ट रूपमा सबैभन्दा बढि संख्यामा सवारिसाधन लिन ईच्छुक व्यक्ति संस्था वा फर्मलाई वार्ताद्वारा सिधै बिक्रि गरिनेछ ।

५.वार्तामा आफुले कवुल गरेको रकमको १० प्रतिशतले हुने रकम सोहि दिन नगदै धरौट राख्नु पर्नेछ ।वार्ता सम्पन्न हुँदा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति,संस्था वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार फिर्ता गरिनेछ ।

६. वार्तामा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थाले ७ दिनभित्र आफुले कवुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धिकर र बाँकि रकम समेत बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र बाँकि रुपैंया नबुझाएमा वार्ता समयमा पेश भएको १० प्रतिशत रकम जफत हुनेछ ।

७. लिलाममा चढेको सम्पुर्ण सवारिसाधनहरू तोकिएको न्युनतम् मुल्य वा सो भन्दा बढिमा सबै भन्दा बढिसंख्यामा लिन मन्जुर गर्ने पक्षलाई लिलाम गरिने हुँदा सो को लाग्ने रकम एकमुष्ट कवुल गर्नु पर्नेछ ।

८. लिलाम गरिने सवारिसाधन हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि हेर्न सकिनेछ ।

९. एउटाको नाममा दर्ता हुन आएको निवेदनपत्र अन्यले प्रयोग गर्न पाउने छैन ।निवेदनपत्र दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

१०. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।लिलाम हुने सम्पुर्ण ७ थान चारपाङ्ग्रे सवारिसाधनको न्युनतम् एकमुष्ट मुल्य रू. ९७,७७,२२५/- (**सन्तानव्वेलाख सतहत्तर हजार दुईसय पच्चिसरूपैंया**) रहेको छ ।अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।